आज मिति २०७९।१२।२४ गतेका दिन विराटनगर महानगरपालिकाका प्रमुख तथा नगर शिक्षा समितिका अध्यक्ष श्रीमान् नागेश कोइरालाज्यूको अध्यक्षतामा बसेको नगर शिक्षा समितिको बैठकले तपशीलको उपस्थितिमा देहायबमोजिमका प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

१.श्री नागेश कोइराला – नगर प्रमुख – अध्यक्ष
२.श्री शिल्पा निराला कार्की – उप-प्रमुख – सदस्य
३.श्री विष्णु प्रसाद कोइराला – प्रमुख प्रशासकीय अधिकृत – सदस्य
४.श्री काजी बहादुर बस्नेत – सा.वि.स.संयोजक – सदस्य
५.श्री सरिता घिमिरे – का.पा.सदस्य – सदस्य
६.श्री उद्धवकुमार भुजेल – वडा अध्यक्ष वडा नं. १६ – सदस्य
७.श्री जितेन्द्र कुमार साह – वडा अध्यक्ष वडा नं.१८ – सदस्य
८.श्री सन्जेश कोइराला – प्राध्यापक,पू.वि.वि.,शिक्षाविद – सदस्य
९.श्री त्रिलोक न्यौपाने – सामुदायिक/गैरसरकारी संस्था,प्रयास नेपाल – सदस्य
१०.श्री वेदुकुमार खतिवडा – शिक्षक महासंघ अध्यक्ष (नगर) – सदस्य
११.श्री सन्तोष पोखरेल – प्र.अ.आदर्श मा.वि.(सामुदायिक विद्यालय प्र.अ.) – सदस्य
१२.श्री सावित्री पराजुली – प्रिन्सिपल,वाल्मिकि मा.वि.,(संस्थागत विद्यालय) – सदस्य
१३.श्री......रमेश......खड्का – सदस्य सचिव

आमन्त्रित सदस्यहरु:

१. डा. श्री सन्देश दास श्रेष्ठ
२.
३.
४.
५.

प्रस्तावहरु:

१.स्थानीय पाठ्यक्रम कक्षा ६-८ को विषय/क्षेत्र निर्धारण सम्बन्धमा।
२.पाठ्यक्रम/पाठ्यपुस्तक लेखन समिति सम्बन्धमा।
३.पाठ्यक्रम लेखन समितिको जिम्मेवारी सम्बन्धमा।
४.विद्यालयको कक्षा/तह थप सम्बन्धमा।
५.विद्यार्थी भर्ना अभियान सम्बन्धमा।

६. विराटनगर महानगरपालिका र Digital Bridges 4 Nepal का बीच भएको सम्झौताका सम्बन्धमा ।

७. एक वडा एक नेतृत्व विद्यालय विकास कार्यक्रमको सम्बन्धमा ।

८.निःशुल्क पाठ्यपुस्तक सम्बन्धमा।

९.विद्यालयको नाम परिवर्तन सम्बन्धमा।

१०.विद्यालय एकीकरण/समायोजन सम्बन्धमा।

११.विविध

निर्णय नं.१

यस महानगरपालिकाको स्थानीय पाठ्यक्रम कक्षा ६-८ लेखनका लागि तपशील बमोजिमका विषय क्षेत्र निर्धारण गर्ने तथा पाठ्यक्रमको नाम हाम्रो विराटनगर राखे निर्णय गरियो।

तपशील

१. हामी र हाम्रो विराटनगर
२. हाम्रो आचरण दायित्व र अनुशासन
३. विराटनगरमा उपलब्ध सेवा सुविधाका लागि व्यावहारिक सीप
४. फोहोरमैला व्यवस्थापन तथा वातावरण प्रदुषण
५.आर्थिक क्रियाकलाप र स्थानीय प्रविधि
६. व्यक्तिगत सुरक्षा र प्राथमिक उपचार
७. वृत्तिमार्ग निर्देशन
८.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
९.विराटनगरका समसामयिक मुद्दाहरु (Issues)

निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस महानगरपालिकाको स्थानीय पाठ्यक्रम कक्षा ६-८ लेखन तथा कक्षा ४-८ सम्मको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक/पाठ्य सामग्री लेखनका लागि मिति २०७८/०७/२३ गते गठित स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन कार्यदलका संयोजक श्री दुर्गाप्रसाद खतिवडाको अनिवार्य अवकाश पश्चात सो पद रिक्त भएको हुँदा निजको स्थानमा पूर्वाञ्चल विश्वविध्यालयमा कार्यरत डा.श्री सन्देश दास श्रेष्ठलाई संयोजकको जिम्मेवारी प्रदान गर्ने र अन्य सदस्यहरु यथावत रहने निर्णय गरियो।

निर्णय नं ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा निर्णय नं.१ मा उल्लेखित विषय क्षेत्रका आधारमा स्थानीय पाठ्यक्रम कक्षा ६-८ लेखन तथा कक्षा ४- ८ को पाठ्यपुस्तक/पाठ्य सामग्री लेखनका लागि कार्ययोजना तयार पार्ने, विषय

विज्ञ छनोट गर्ने, तोकिए बमोजिमको पाठ्य घण्टा निर्धारण गर्ने, आवश्यक अन्य उप समिति बनाउने लगायतका स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक/पाठ्य सामग्री निर्माण/लेखनका लागि आवश्यक सम्पूर्ण कार्य गर्ने अख्तियारी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन कार्यदललाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस महानगरपालिकामा सञ्चालित तपशील बमोजिमका विद्यालयहरुबाट कक्षा/तह थपका लागि अनुमति माग भई आएको हुँदा माग बमोजिम निजी स्रोतबाट सञ्चालन गर्ने गरी कक्षा/तह थप गरी विद्यालय सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्रसं. | विद्यालयनाम | ठेगाना | हाल सञ्चालनमा रहेको कक्षा/विषय | माग गरेको कक्षा/विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | किट्स भिलेज स्कूल | विराटनगर–६ | कक्षा १–५ | कक्षा ६ | संस्थागत |
| २ | बाल संसार इङ्लिस बोर्डिङ स्कूल | विराटनगर–५ | कक्षा १–४ | कक्षा ५ | निजी शैक्षिक गुठी |
| ३ | पाथिभरा इङ्ग्लिस बोडिङ स्कूल | विराटनगर–८ | कक्षा १–५ | कक्षा ६ | संस्थागत |
| ४ | नेशनल इङ्ग्लिस बोर्डिङ स्कूल | विराटनगर–१७ | कक्षा १–८ | कक्षा ९ | संस्थागत |
| ५ | आवर लिटिल वर्ल्ड इङ्ग्लिस स्कूल | विराटनगर–१२ | | मन्टेश्वरी | निजी |
| ६ | ह्याप्पी हार्ट्स मन्टेश्वरी | विराटनगर–१२ | | मन्टेश्वरी | निजी |

देहाय बमोजिमका विद्यालयहरुबाट रीत नपुगी निवेदन दर्ता हुन आएको हुँदा रीतपूर्वक निवेदन प्राप्त भए पश्चात मात्र अनुमति प्रदान गर्ने निर्णय गरियो।

१.मदरसा फरिदिया रियाजुल उलुम आधारभूत विद्यालय :- कक्षा ३ माग गरेकोमा कक्षा २ को अनुमतिपत्र पेश नगरेको, भौतिक पूर्वाधार कमजोर रहेको ।

२.मदरसा असरफिया इजहारुल उलुम आ.वि.:- संस्थागत विद्यालयका रुपमा अनुमति भएको कागजात पेश भएको, हाल सो विद्यालयमा धार्मिक अनुदान निकासा भइरहेकोले द्विविधा उत्पन्न भइ निरुपण नभए सम्मका लागि।

३. विराट मोर्डन पब्लीक एकेडेमी :- कक्षा ८ सञ्चालनका लागि निवेदन पेश भएकोमा कक्षा ७ सम्म सञ्चालन अनुमती पत्र लगायतका कागजात समावेश नभएको ।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना अभियानलाई थप प्रभावकारी र व्यवस्थित बनाउनका लागि विराटनगर महानगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सार्वजनिक तथा संस्थागत विद्यालयहरु मार्फत मिति २०८०।०१।०१ गतेबाट मिति २०८०।०१।१५ गते सम्म सघन रुपमा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै छुट पुट भएका विद्यार्थीका लागि मिति २०८० बैशाख मसान्तसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने/गराउने निर्णय गरियो।

**निणय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शिक्षा मार्फत समुदायलाई बलियो बनाउने लक्ष्यका साथ विराटनगर महानगरपालिका र Digital Bridges 4 Nepal का बीच १० डिसेम्बर सन २०२२ मा भएको सम्झौताका आधामा श्री सार्वजनिक माध्यमिक विद्यालय, विराटनगर-१९ मा कार्यक्रम गर्न विराटनगर महानगरपालिकाले उक्त विद्यालय मार्फत Digital Bridges 4 Nepal का लागि रकम निकासा गरी कार्यक्रम सञ्चालन गर्दा खर्च भएको सम्झौता बमोजिमको रकम रु ११७००००।– अक्षरेपी एघार लाख सत्तरी हजार यस विराटनगर महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटको शैक्षिक विकास कार्यक्रम अन्तरगत पेज नं. ५६ सि.नं. १२८ मा एक वडा एक नेतृत्व विद्यालय विकास कार्यक्रमका लागि विनियोजन गरीएको रु १०००००००।– अक्षरेपी एक करोडबाट खर्च हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरी यस अघि निकासा भएको रकम अनुमोदन गर्ने निर्णय गरीयो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस विराटनगर महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटको शैक्षिक विकास कार्यक्रम अन्तरगत पेज नं. ५६ सि.नं. १२८ मा एक वडा एक नेतृत्व विद्यालय विकास कार्यक्रमका लागि रकम रु १०००००००।– अक्षरेपी एक करोड विनियोजन गरीएकोमा उक्त बजेटबाट रकम रु ४०००००० अक्षरेपी चालीस लाख मात्र श्री जनक आधारभूत विद्यालय, विराटनगर-१८ लाई र ३००००००।– अक्षरेपी तीस लाख मात्र श्री सार्वजनिक माध्यमिक विद्यालय, विराटनगर-१९ का लागि विनियोजन गर्ने तथा विद्यालयबाट प्राप्त प्रस्तावका आधारमा खर्च गर्ने निर्णय गरियो ।साथै सोही शीर्षकवाट खर्च हुने गरी CFLG कार्यक्रम घोषणा गर्न वडा नं. १८ लाई ४००००० अक्षेरपी चार लाख र वडा नं. १९ लाई २३०००० अक्षेरपी दुई लाख तीस हजार मात्र विनियोजन गर्ने निर्णय गरियो

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल गर्दा यस महानगरपालिका अन्तर्गत सञ्चालित सार्वजनिक विद्यालयहरुमा नि:शुल्क पाठ्यपुस्तक समयमै उपलब्ध भए नभएको सम्बन्धमा शैक्षिक प्रशासन महाशाखा मार्फत सघन रुपमा अनुगमन गर्ने तथा महानगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रले तोके बमोजिमका पाठ्यक्रम,पाठ्यपुस्तक र पाठ्यसामाग्री प्रयोग गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने साथै

संस्थागत विद्यालयहरुले विद्यालय हाता भित्रबाट नै पाठ्यपुस्तक,पाठ्यसामाग्री र विद्यालय पोसाक बिक्रि वितरण गरेको भनी गुनासो प्राप्त भएकाले सो कार्य नगर्न/नगराउन विद्यालयलाई पत्राचार गरी सो को अनुगमन गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

प्रस्ताव नं.९ माथि छलफल गर्दा यस महानगरपालिका वडा नं १ मा सञ्चालित श्री मकालु एकेडेमीबाट सो संस्था/विद्यालयको नाम तथा ठेगाना परिवर्तनका लागि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको च.नं १५५६८ मिति २०७९/०६/०२ पत्रबाट नाम तथा प्रवन्धपत्र/ नियमावली संसोधन भइ आएकाले संसोधित नाम श्री युनाइटेड सेकेन्डरी स्कूल विराटनगर (प्रा.लि. ३७३२६) का नामबाट विद्यालय सञ्चालन गर्न तथा वडा नं १ बाट वडा नं ४ मा विद्यालय ठाउँ सारीका लागि वडा कार्यालयको सिफारिस सहित माग भइ आएकाले सो विद्यालयलाई संसोधित नाम श्री युनाइटेड सेकेन्डरी स्कूलका नामबाट विराटनगर महानगरपालिका वडा नं ४ मा विद्यालय सञ्चालनका लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं.१० माथि छलफल गर्दा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को परिच्छेद ३ दफा/बुँदा नं. ५ को उपदफा/उपबुँदा नं.१, २, ३, ४, ५, ७ तथा ८ ले तोकेका आधार तथा विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ (संसोधन समेत) को दफा २१(क) ले तोकेका विद्यालय बन्द तथा समायोजनका आधारहरुका आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) को बुँदा नं १२ तथा विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी यस महानगरपालिका वडा नं ७ मा सञ्चालित श्री सत्यनारायण आधारभूत विद्यालयलाई वडा नं ७ मा सञ्चालित श्री सत्यनारायण माध्यमिक विद्यालय विराटनगर-७ मा एकीकरण/समायोजन गर्ने साथै समायोजन/एकीकरण भएको सत्यनारायण आधारभूत विद्यालयको चल अचल सम्पतिको व्यवस्थापन विराटनगर महानगरपालिका शिक्षा ऐन,२०७६ (संशोधन सहित) को दफा २१(ग) को बुँदा नं.क बमोजिम हुने निर्णय गरियो।

**निर्णय नं ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा विराटनगर महानगरपालिकाको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यसामाग्री हाम्रो विराटनगर  कक्षा १-३ लाई शैक्षिक सत्र २०८० बाट म.न.पा.का सबै विद्यालयमा कार्यान्वयन गर्ने निर्णय गरियो।